**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आज दार्जिलिङ जिल्लाको सिलगुडी भ्रमणमा आउनुहुनेछ ।
- प्रधानमंत्री नरेन्द्र मोदीले उत्पादकता अनि निर्यात क्षमता बढ़ाउनका लागि भारतको विविध जलवायु परिस्थितिहरुको पूर्ण उपयोग गर्ने आवश्यकतामा बल दिनु भयो।
- केन्द्रीय गृह र सहकारिता मंत्री अमित शाहले हिजो ओडिशामा तीन हजार सात सय ७० करोड रुपियाँभन्दा अधिकको धैरै विकास योजनाहरुको उद्घाटन अनि शिलान्यास गर्नुभयो।
- पश्चिम एशियामा चलिरहेको संघर्ष अनि लागू हवाई क्षेत्र प्रतिबंधका कारण भारतदेखि संचालित हुने कुल 278 उड़ानहरु रद्द गरिएको छ।
- नेपालका प्रत्येक निर्वाचन क्षेत्रमा मतगणना जारी छ ।

**राष्ट्रपति द्रौपदी मुर्मु - दार्जिलिंग**

राष्ट्रपति द्रौपदी मुर्मु आज दार्जिलिङको सिलगुडी भ्रमणमा आउनुहुनेछ ।उहाले सिलगडी नजिक बिधाननगर क्षेत्रमा अन्तर्राष्ट्रिय संथाल परिषद्द्वारा आयोजित नवौं अन्तर्राष्ट्रिय संथाल सम्मेलनमा भाग लिनुहुन्छ |

**प्रधानमंत्री-कृषि वेबिनार**

प्रधानमंत्री नरेन्द्र मोदीले उत्पादकता अनि निर्यात क्षमता बढ़ाउनका लागि भारतको विविध जलवायु परिस्थितिहरुको पूर्ण उपयोग गर्ने आवश्यकतामा बल दिनु भयो। प्रधानमंत्रीले हिजो वीडियो कॉन्फ्रेंसिंगको माध्यमले 'कृषि अनि ग्रामीण परिवर्तन' सित संबंधित वेबिनारलाई संबोधित गर्दै देशको कृषि उत्पादहरुलाई वैश्विक स्तरमा प्रतिस्पर्धी बनाउनका लागि उच्च मूल्यको फसलहरुको उत्पादनलाई बढ़ाउनेमा जोड दिनुभयो। उहाँले वैश्विक मांगमा भइरहेको बदलाव अनि भारतीय कृषि क्षेत्रलाई निर्यात प्रमुख बनाउने आवश्यकताको उल्लेख गर्नुभयो। श्री मोदीले वैश्विक गुणवत्ता अनि ब्रांडिंग मानकहरुलाई पूरा गर्न विशेषज्ञहरु, उद्योग अनि किसानहरुलाई सामेल गर्दै एकीकृत दृष्टिकोण अपनाउन आह्वान गर्नुभयो अनि स्थानीय किसानहरुलाई वैश्विक बाजारसित जोड़नका लागि स्पष्ट लक्ष्य निर्धारित गर्ने महत्वमाथि बल दिनुभयो। प्रधानमंत्रीले भन्नुभयो निर्यात-उन्मुख उत्पादनले प्रसंस्करण अनि मूल्यवर्धनको माध्यमले ग्रामीण रोजगार सृजित हुनेछ। उहाँले भन्नुभयो यस वर्षको केंद्रीय बजटमा काजू, कोको, चंदन सहित उच्च मूल्य भएको कृषिमा पनि ध्यान केंद्रित गरिएको छ अनि खाद्य तेल, दालहरु अनि प्राकृतिक खेतीमा राष्ट्रीय मिशन कृषिको सबै क्षेत्रहरुलाई मजबूत गरिरहेको छ।

प्रधानमंत्रीले भन्नुभयो आज सारा बिस्व स्वास्थ्य प्रति अधिक जागरूक भइरहेको छ, जसमा समग्र स्वास्थ्य अनि जैविक भोजनमा विशेष ध्यान दिइन्दै छ।

मत्स्य पालन क्षेत्रमा बोल्दै श्री मोदीले भन्नुभयो, भारत विश्वको दोस्रो ठुलो माछा उत्पादक देश हो। उहाँले भन्नुभयो वर्तमानमा विभिन्न जलाशयहरु अनि तलाबमा लगभग साढ़े चार लाख टन माछा उत्पादन हुने गरेको छ, जबकि अतिरिक्त 20 लाख टन उत्पादनको संभावना छ। श्री मोदीले ई-एन.ए.एम. अनि डिजिटल सार्वजनिक अवसंरचनाको विकासको उल्लेख गर्नुहुँदै कृषिमा प्रौद्योगिकी संस्कृतिकोचर्चा गर्नुभयो। उहाँले किसान पहिचान पत्र जारी गर्ने अनि डिजिटल भूमि सर्वेक्षणलाई

परिवर्तनकारी कदम बताउनु भयो। श्री मोदीले भन्नुभयो प्रधानमंत्री आवास योजना, स्वामित्व योजना, पीएम ग्रामीण सड़क योजना अनि स्वयं सहायता समूहहरुलाई दिइने वित्तीय सहायताले ग्रामीण अर्थव्यवस्थालाई लगातार मजबूत गरेको छ। श्री मोदीले सरकारले तीन करोड़ लखपति दीदिहरु सृजित गर्ने लक्ष्य सफलतापूर्वक प्राप्त गरेको छ अनि देशले 2029 सम्म तीन करोड़ अन्य लखपति दीदिहरुलाई जोड़ने लक्ष्य राखेको बताउनुभयो।

**शाह-ओडिशा परियोजना**

केन्द्रीय गृह र सहकारिता मंत्री अमित शाहले हिजो ओडिशामा तीन हजार सात सय ७० करोड रुपएभन्दा अधिकको धैरै विकास योजनाहरुको उद्घाटन अनि शिलान्यास गर्नुभयो। जसमा राष्ट्रिय दुग्ध विकास बोर्ड, ओडिशा राज्य सहकारी दुग्ध उत्पादक संघको विकास पहल र राज्य सरकारको विभिन्न परियोजनाहरू समावेश छन्। श्री शाहले इंडियन फार्मर्स फर्टिलाइजर कोऑपरेटिव लिमिटेडको पारादीप इकाईमा सल्फ्यूरिक एसिडको तेस्रो संयत्रको पनि उद्घाटन गर्नुभयो।
श्री शाहले भुवनेश्वरमा एक सहकारी विकास सम्मेलनलाई संबोधित गर्नुभयो।

श्री शाहले भन्नुभयो यो प्रोजेक्टहरु ओडिशाको विकासमा एक महत्वपूर्ण कदम हो। उहाँले भन्नुभयो सल्फरिक एसिड पशु, घरेलू उत्पादनलाई मजबूत बनाउन र रसायन क्षेत्रमा आत्मनिर्भरता प्राप्त गर्न सहयोग गर्ने छ।
श्री शाहलेव भन्नुभयो केन्द्र सरकारले वामपंथी उग्रवादलाई समाप्त गर्ने प्रयासहरूलाई तिव्र गरेको छ अनि देश यो महिनाको अन्त सम्म नक्सलवाद मुक्त हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले ओडिशामा राष्ट्रिय फोरेन्सिक विज्ञान विश्वविद्यालयको शिलान्यास गर्नुभयो र यसको अस्थायी परिसरको उद्घाटन गर्नुभयो। श्री शाहले भन्नुभयो केन्द्र र ओडिशा सरकारले अमूल मोडेल जस्तै राज्यको प्रत्येक गाउँमा बलियो सहकारी संरचना सिर्जना गर्न मिलेर काम गर्नेछन्।

**डॉ. एस. जयशंकर और रायसीना संवाद**

विदेश मंत्री डॉ. एस. जयशंकरले नयाँ दिल्लीमा रायसीना संवाद 2026 अवधि विभिन्न देशका नेताहरुसित भेट गर्नुभयो । डॉ. जयशंकरले हिजो श्रीलंका, भूटान, मॉरीसस, केन्या, माल्टा, सेशेल्स अनि रवांडाका विदेश मंत्रिहरुसित द्विपक्षीय बातचीत गर्नुभयो। सोशल मीडिया पोस्टमा डॉ. जयशंकरले भन्नुभयो, श्रीलंकाका विदेश मंत्री विजिता हेराथसितको बातचीत अवधि दुइ नेताहरुले आफ्नो द्विपक्षीय संबंधहरु अनि क्षेत्रीय स्थितिमाथि चर्चा गरे। उहाँले भन्नुभयो, **महासागर** परिकल्पना अनि भारतको छिमेकी **प्रथम** नीतिले यस संबंधलाई मार्गदर्शन गरिरहने छ । भूटानका विदेश मंत्री ल्योनपो डी.एन. धुंग्येलसित भेटको क्रममा दुइ नेताहरुले आफ्नो भागीदारीलाई मजबूत गर्ने पुनः प्रतिबद्धता व्यक्त गरे । मॉरीशसका विदेश मंत्री **धनंजय रितिश रामफुलसितको** बैठकमा ड़ा. जयशंकरले भन्नुभयो, रणनीतिक भागीदारीलाई मजबूत गर्ने प्रतिबद्धतामा बल दिइयो। ड़ा. जयशंकरले केन्याका विदेश मंत्री मुसालिया ड्ब्ल्यू मुदावादीसित दुइ देशको संबंध माथि विचार विमर्श गर्नुभयो। माल्टाका विदेश मंत्री इयान बोर्गसितको बातचीतमा डॉ. जयशंकरले समुद्री उद्योगमा उहाँको विचारहरुको सराहना गर्नुभयो। सेशेल्सका विदेश मंत्री बैरी फाउरेसित भारतका विदेश मंत्रीले राष्ट्रपतिको हालैको यात्रापछिको गतिविधिहरुमाथि विचार-विमर्श गर्नुभयो। डॉ. जयशंकरले रवांडाका विदेश मंत्री ओलीविअर जे पी न्दूहूंगिरिचेसित पनि विचार-विमर्श गर्नुभयो।

**लोकसभा अध्यक्ष-चर्चा**

लोकसभामा सोमवार अध्यक्ष ओम बिरलालाई हटाउने प्रस्ताव माथि चर्चा निर्धारित छ। बजट सत्रको दोस्रो चरण 9 मार्चदेखि शुरू हुनेछ।पछिलो महीना बजट सत्रको पहिलो चरण अवधि, विपक्षले लोकसभाका महासचिवलाई अविश्वास प्रस्ताव प्रस्तुत गरेको थियो, जसमा लोकसभा अध्यक्षलाई पक्षपातपूर्ण कार्य गरेको आरोप लगाउदै हटाउने मांग गरेको थियो। यस प्रस्तावलाई कांग्रेस, समाजवादी पार्टी, डीएमके, वामपंथी दलहरु अनि अन्य दलक सदस्यहरु सहित 118 सांसदले हस्ताक्षर गरेको थियो।

यो प्रस्ताव कांग्रेसका तीन सदस्य मोहम्मद जावेद, के सुरेश अनि मल्लु रविले पेश गर्नेछ। यदी प्रस्तावमा भए, श्री बिरलाले सदनको अध्यक्षता गर्ने छैनन्। यसको कारण उहाँ सदनमा प्रस्तावमाथि चर्चा अवधि सदस्यहरु बीच बस्न पर्नेछ।

यसै बीच, भाजपा अनि कांग्रेसले आफ्नो लोकसभा सांसदों को व्हिप जारी गरेको छ, जसमा उनीहरुलाई 9 देखि 10 मार्चसम्म सदनमा उपस्थित रहने निर्देश दिएको छ।

**गोयल-राष्ट्रीय रक्षा महाविद्यालय**

केंद्रीय वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले रक्षा अनि अंतरिक्ष क्षेत्रमा देशको स्टार्टअप इकोसिस्टमको तिब्र विकासमा बल दिनु भएको छ। उहाँले भन्नुभयो यो परिवर्तन देशको सूक्ष्म, लघु अनि मध्यम उद्यम **एम.एस.एम.ई.** को माध्यमले भइरहेको छ। श्री गोयलले हिजो नयाँ दिल्लीमा राष्ट्रीय रक्षा महाविद्यालयको 66 औ बैचका प्रतिभागिहरुलाई संबोधित गर्दै हुनुहुन्थ्यो।

श्री गोयलले भारतको आत्मनिर्भरताको यात्रालाई अझ अघि बढ़ाउनका लागि सेमीकंडक्टर अनि स्वच्छ ऊर्जाको पनि चर्चा गर्नुभयो।

**उड़ान रद्द-संघर्ष**

पश्चिम एशियामा चलिरहेको संघर्ष अनि लागू हवाई क्षेत्र प्रतिबंधका कारण भारतदेखि संचालित हुने कुल 278 उड़ानहरु रद्द गरिएको छ। नागर विमानन मंत्रालयले  सोशल मीडिया पोस्टमा भनेको छ, 5 मार्चदेखि यात्री आवागमन आंकडा अनुसार, पश्चिम एशिया क्षेत्रबाट भारतीय एयरलाइंसको कुल 40 उड़ान भारत आए, जसमा 7 हजार 200 भन्दा अधिक यात्री सवार थिए। यसका साथै पश्चिम एशियाबाट हालसम्म  14 हजार 900 भन्दा अधिक यात्री भारत आएका छन्।

यस अवधि यात्रिहरुलाई समयमा सहायता सुनिश्चित गर्नका लागि चौबीस घंटा यात्री सहायता नियंत्रण कक्ष कार्यरत छ अनि एयरलाइंस तथा अन्य हितधारकहरुसित समन्वय स्थापित गरिरहेको छ।

**नेपाल -मतदान जारी**

नेपालका प्रत्येक निर्वाचन क्षेत्रमा मतगणना जारी छ । झापा क्षेत्र नम्बर ५ बाट उम्मेदवार रहेका प्रधानमन्त्री पदका उम्मेदवार बालेन्द्र शाह ११ हजार ९४५ मतले अगाडि छन् । उहाका प्रतिद्वन्द्वी पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले हालसम्म दुई हजार ६९२ मत प्राप्त गरेका छन् । काठमाडौं क्षेत्र नं १ र २ मा रास्ट्रीय स्वतन्त्र पार्टी का रञ्जु न्यौपाने र  शिशिर कहनाल विजयी भएका छन् भने मुस्ताङ क्षेत्र नं १ बाट नेपाली कांग्रेसका योगेश गौचन थकाली विजयी भएका छन् ।

एक रिपोर्ट .........byte